# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ बैठक व्यवस्थापन शाखा

च.नं. १६९९

मितिः-२०७८/०९/२७

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

**श्री मनहरी गाउँकार्यपालिकाका**
**सबै शाखा/उपशाखा प्रमुखहरु**
**वडा कार्यालय/वडा सचिवहरु**
**मनहरी, मकवानपुर ।**

प्रस्तुत विषयमा मिति २०७८ पौष २७ गते वसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान १० (दस) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

९।२८

..............................

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७८ साल पौष २७ गते मंगलवारका दिन विहान ११ बजे देखि यस मनहरी गाउँपालिकाको कार्यपालिका बैठक गा.पा. अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| १. श्री एकराज उप्रेती | गा.पा. अध्यक्ष | अध्यक्ष |
| २. श्री मनिला विष्ट | गा.पा. उपाध्यक्ष | सदस्य |
| ३. श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य |
| ४. श्री गोपिलाल मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य |
| ५. श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य |
| ६. श्री दिलबहादुर स्याङतान | ८ नं.वडा अध्यक्ष | सदस्य |
| ७. श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य |
| ८. श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य |
| ९. श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य |
| १०. श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य |
| ११. श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य |
| १२. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| १३. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| १४. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य |
| १५. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| १६. श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य |
| १७. श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रसाशकिय अधिकृत | सचिव |

आमन्त्रित/सहयोगी

| | | |
|---|---|---|
| १. श्री संगिता अधिकारी | लेखा अधिकृत | राजश्व/आ.प्र.महाशाखा प्रमुख |
| २.. ... ...... ...... | ...... ..... | ..... |

मनहरी गाउँ कार्यपालीकाको बैठक मिति २०७८।०९।२७

**कार्यपालिका बैठकमा छलफलको लागि पेश विषयवस्तु**

१. विगतको निर्णयको समीक्षा सम्बन्धमा ।
२. सङ्घीय समपुरक र विषेश अनुदानको लागि योजना छनौट गरि पठाउने सम्बन्धमा ।
३. कर्मचारीलाई मासिक रुपमा उपलब्ध गराइने प्रोत्साहन भत्ता सम्बन्धमा ।
४. फिल्डमा खटिने कर्मचारीको लागि इन्धन सम्बन्धमा ।
५. वडा नं ८ कोयोजना संशोधन सम्बन्धमा ।
६. टोल विकास संस्था व्यवस्थापन गठन र क्षमता अभिबृद्धि कार्यक्रमसंचालन सम्बन्धमा ।
७. जोगीताल बृहत खानेपानी योजना बोरिङको बिस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।
८. अपाङ्ग महासंघको जिल्ला सम्मेलनलाई सहयोग माग भई आएको सम्बन्धमा ।
९. कृत्रिम गर्भाधान सुत्केरी भत्ता कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ सम्बन्धमा ।
१०. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्वन्धमा ।
११. गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको लागि गुनासो सुनुवाइ अधिकारी तोक्ने सम्बन्धमा ।
१२. सूचना तथा सन्देश प्रकाशन/प्रशारण गरि बापत निम्नानुसारले भुक्तानी माग गरेको सम्बन्धमा
१३. यस गाउँपालिकाको कार्यालयमा कार्यरत सहायकस्तर पाँचौ श्री ज्ञानेन्द्र ढकालले क्षतिपूर्ति उपलब्ध गराइपाउँ भनी निवेदन पेश गर्नु भएको सम्बन्धमा ।
१४. आर्थिक सहायता सम्बन्धमा ।
१५. Social Changemakers and Innovators ले परियोजना योजना स्वीकृति माग गरेको सम्बन्धमा ।
१६. फियान नेपालले खाद्ध्य सुरक्षा योजना निर्माणको लागि प्रस्तावना पेश गरेको सम्बन्धमा ।
१७. ६०/४० को बजेटवाट योजना माग गर्ने सम्बन्धमा ।
१८. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
१९. बेरुजू फर्छ्यौट समिति सम्बन्धमा ।
२०. कृषि तथा पशु सम्बद्ध कार्यक्रम अनुगमन सम्बन्धमा ।
२१. शैक्षिक सहयोग अक्षय कोषको सदस्यता शुल्क सम्बन्धमा।
२२. अमानतमा आन्तरिक राजस्व संकलनमा खटिने कर्मचारी तथा आन्तरिक राजस्व व्यवस्थापन खर्च सम्बन्धमा ।
२३. खानेपानी योजना संचालन सम्बन्धमा ।
२४. नदिजन्य पदार्थको स्टक पुनः नापजाँच गर्ने सम्बन्धमा ।
२५. कोभिड नियन्त्रण ब्यवस्थापन गर्ने सम्वन्धमा ।
२६. लोथर खोला IEE र राजश्व व्यवस्थापन सम्बन्धमा ।
२७. अपाङ्गता साक्षारता कार्यक्रम सम्बन्धमा ।
२८. राजश्व परामर्श समितिको सदस्य तोक्ने सम्बन्धमा ।
२९. विविध:-
    क. चकरी वोरिङको नपुग रकम भुक्तानी सम्वन्धमा ।
    ख. विविध खर्चमा नपुग रकम थप गर्ने सम्वन्धमा ।
    ग. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८।०९।२६ को सूचना सम्बन्धमा ।

घ. जिल्ला बचत तथा ऋण सहकारी संघको जिल्ला स्तरिय सहकारी बजार निर्माण सम्बन्धमा ।

ङ. वडा नं १ र ७ मा अत्यावश्यक बजेट व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/०८/१४ गते बसेको कार्यपालिका वैठकले गरेका निर्णयहरु ।कार्यान्वयनको समीक्षा गर्दा अधिकांश निर्णय कार्यान्वयन भइसकेको र बाँकी निर्णय समेत तदारुकताका साथ कार्यान्वयनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा सङ्घीय समपुरक र विषेश अनुदानको लागि योजना पठाउने सम्बन्धमा छलफल हुँदा समपुरक अनुदान कार्यविधि २०७७ र विशेष अनुदान कार्यविधि २०७७ बमोजिम नेपाल सरकार राष्ट्रिय योजना आयोग द्वारा मिति २०७८।०८।२४ मा प्रकाशित सूचना बमोजिम यस गाउँपालिकामा आगामी आ.व. २०७९/०८० मा सञ्चालन हुने गरी तपसील बमोजिमको आयोजना/कार्यक्रमहरु स्वीकृतिका लागि प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

क. सम्पुरक अनुदान तर्फ

१.लामिटार चकरी मकरी सडक निर्माण योजना, वडा नं.३ देखि १ सम्म

२. ज्यामिरे केराबारी सरिखेत सडक, मनहरी ९

ख. विषेश अनुदान तर्फ

१.श्री वाल जिवन ज्योति मा.वि. कक्षा कोठा निर्माण, वडा नं १ मकरी मनहरी

२.ज्यामिरे मनहरी बृहत खानेपानी, वडा नं ९

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा कर्मचारीलाई मासिक रुपमा उपलब्ध गराइने प्रोत्साहन भत्ता सम्बन्धमा गाउँसभाबाट सो को लागि बजेट समेत विनियोजन भएको र गत वर्षहरुमा प्रदान गरिएको भत्ता सम्बन्धमा म.ले.प. बाट भएको लेखापरीक्षणबाट बेरुजू देखिएको हुँदा साविकमा तयार भएको कर्मचारी प्रोत्साहन मापदण्ड २०७५ मा Electronic हाजिरीमा अनिवार्य प्रविष्टि भएको, मासिक प्रगति प्रतिवेदन पेश गरेको, कार्यालयमा न्यूनतम २० दिन रुजू हाजिर भएको, कम्तीमा २ वटा सार्वजनिक विदामा कार्यालयमा उपस्थित भइ कामकाज गरेको र कार्यालयमा हाजिर भएको बखत कम्तिमा पनि थप एक घण्टा काम गरेको, कार्यालय प्रमुखको निर्देशनलाई तदारुकता र समयमै पालना गरेको लगायतका सूचकहरु थप गरी पुन संशेधित बा नयाँ कानूनको मस्यौदा १५ दिन भित्र तयार गरी कार्यालयमा पेश गर्ने निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**मस्यौदा समिति**

१. संयोजक श्री हरिश्चन्द्र सापकोटा शिक्षा अधिकृत

२. सदस्य डा. श्री सरोज खतिवडा पशु चिकित्सक

३. सदस्य श्री राजेन्द्र चौलागाइ अधिकृतस्तर छैठौं

४. सदस्य श्री शैलेश बास्कोटा अधिकृतस्तर छैठौं

५. सदस्य श्री टिकाराम अधिकारी ज.स्वा.नि.



एकराज उप्रेती

६. सदस्य श्री अभिषेक पाण्डे इन्जिनियर

७. सदस्य सचिव श्री संगीता अधिकारी लेखा अधिकृत

**४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा फिल्डमा खटिने कर्मचारीको लागि ईन्धन सम्बन्धमा साविकमा फिल्ड भत्ता प्राप्त गरिरहेका कर्मचारीहरुलाई ईन्धन सुविधा वापत मासिक रु २०००.०० थप फिल्ड भत्ता उपलब्ध गराउने र यसरी ईन्धन सुविधा वापत फिल्ड भत्ता प्राप्त गर्ने कर्मचारीहरुलाई फिल्डमा जाँदा कुनै किसिमको थप ईन्धन सुविधा उपलब्ध नगराउने निर्णय गरियो ।

**५.** प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं ८, ७ र १ को वडा समितिको बैठकले सिफारिश गरी पठाएको योजना संशोधन सम्बन्धमा छलफल हुँदा निम्नानुसार संशोधन गरी सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्रं. सं | साविक योजनाको नाम | विनयोजित रकम | थप/घट रकम | कायम हुने रकम | कायम हुने योजना |
|---|---|---|---|---|---|
| १ | फुन्छ्योक छोइलिङ् गुम्बा वडा नं ८ | ९०००००। | +३०००००। | १२०००००। | |
| २ | देउकोट भ्यूटावर वडा नं ८ | २१६४६४४। | -३०००००। | १८६४६४४। | |
| ३ | मलामि बस्ने ठाउँ भवन र मरनघाट जाने बाटो स्तरिकरण वडा नं ७ | | रकम घटबढ नहुने | | मरनघाट जाने बाटो स्तरिकरण |
| ४ | चकरी सिंचाई वडा नं १ | | रकम घटबढ नहुने | | चकरी पुछार बाटो निर्माण योजना |
| ५ | साँगा छोइफेन गुम्बा मुर्ति खरिद वडा नं ७ | | रकम घटबढ नहुने | | साँगा छोइफेन गुम्बा व्यवस्थापन वडा नं ७ |

**६.** प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. ०७८।०७९ को विनियोजित बजेटमध्ये क्र.सं. १४४ मा रहेको टोल विकास संस्था व्यवस्थापन गठन र क्षमता अभिबृद्धि कार्यक्रम शिर्षकमा विनियोजित रु ४०००००। मध्येबाट हामी सक्छौं लगायतका तीनवटा गैरसरकारी संस्थाबाट सूचिकृत भइ प्रस्ताव पेश भएकोमा टोल विकास संस्थाका पदाधिकारीलाई क्षमता अभिवृद्धि तथा अभिमुखीकरण आवश्यक भएकोले क्षमता अभिवृद्धि तर्फ नियमानुसार बढीमा रु. ३०००००। सम्मको रकमको मात्र कार्यक्रम स्वीकृत गरी सम्बन्धित वडा कार्यालयहरुको समन्वयमा कोभिड सतर्कता अपनाई कार्यक्रम सञ्चालन गर्ने र बाँकी रु १०००००। बाट टोल विकास संस्थाको लागि आवश्यक फर्निचर लगायतका सामग्री खरिद तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**७.** प्रस्ताव नं. ७ माथि छलफल गर्दा जोगीताल बृहत खानेपानी योजना बोरिङको बिस्तृत परियोजना तयार गर्दा वागमती प्रदेश विशेष अनुदान पूंजिगत तर्फ यस गाउँपालिकाको लागि विनियोजन भएकोमा निर्माण कार्य अगाडी बढाउनको लागि बोरिङ्ग कार्य तथा रिजर्भवायर ट्याङ्की र खानेपानी डिस्ट्रिव्युशन पाइपलाइन विस्तार गर्नुपर्ने भएकाले खानेपानी बोरिङका निमित्त Electrical

Resistivity Tomography(ERT)Test गरी बोरिङको डिजाइन तथा सुनाचुरी जोगिताल भूभागमा सर्भे गर्न कार्यादेश दिइएकोमा सो लाई प्राविधिक लागत अनुमान बमोजिम सोही शिर्षकबाट भुक्तानी दिने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा अपाङ्ग महासंघको जिल्ला सम्मेलनलाई सहयोग माग भई आएकाले कार्यक्रमका लागि रु. १५०००.०० अपाङ्ग समिति बैठक ब्यवस्थापन र अनुगमन शिर्षकवाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा गाउँपालिकाबाट सञ्चालित पशुहरुको निशुल्क गर्भाधान कार्यक्रममा खटिएका प्राविधिक तथा कृषकहरुको सुविधाका छलफल भयो । सो कार्यका लागि प्रस्तावित कृत्रिम गर्भाधान सुत्केरी भत्ता कार्यक्रम सञ्चालन कार्यविधि २०७८ पारित गर्ने र सो कार्यविधि अनुसार तोकिएको सुविधाहरु खटिएका प्राविधिक तथा कृषकहरुका लागि उपलब्ध गराउने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा नेपाल सरकारबाट प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा तपसील बमोजिम योजना गुणस्तरिय रुपमा सञ्चालन गर्ने निर्णय गरियो।

| वडा नं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | राम मन्दिर उकालो नयाँ ट्र्याक खोल्ने | ५०००००। | |
| | महादेवस्थान उकालोनयाँ ट्र्याक खोल्ने | | |
| | चकरी उकालोनयाँ ट्र्याक खोल्ने | | |
| २. | अन्तरेटोल गोगनघारी नयाँ ट्र्याक खोल्ने | ५०००००। | |
| ३. | ३ नं. वडा कार्यालय अगाडी नाला निर्माण | ६०००००। | |
| | लामिटार खानेपानी पाइपलाइन पुर्ने | | |
| | सिद्धकाली चौतारा नाला निर्माण | | |
| ५. | दुम्सिघडा देखि शिखरबास सम्म खानेपानी पाइपलाइन खन्ने र पुर्ने | ६०००००। | |
| ६. | ६ नं. भित्रका नाला कुलो बाटो मर्मत र सरसफाई | ९६००००। | |
| ७. | बुद्ध शान्ति पार्क र अन्य स्थानमा वृक्षारोपण तथा सरसफाई | ८०००००। | |
| ८. | दारिमबासदेखि मुस्लेसम्म जाने बाटो मर्मत तथा स्तरीकरण | ६०००००। | |
| | पुलचोकदेखि देउकोटसम्म जाने ठाडो बाटो स्तरीकरण | | |
| | पिसपार्कदेखि गुरुङगगाउँ जाने बाटो | | |
| | पिसपार्कदेखि पुलचोक जाने बाटो | | |
| ९. | सीमाना बाटो नाला सुधार | ७०००००। | |
| | रजैया टोल नाला सुधार | | |
| जम्मा | | ५२६००००। | |

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा गरिब परिवार 'पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको लागि गुनासो सुनुवाइ अधिकृत नियुक्ती गर्ने सम्बन्धमा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सञ्चालित गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम



एकराज उप्रेती

अन्तर्गत गुनासो सुनुवाइ मार्गदर्शन २०७८ बमोजिम प्रारम्भिक सूचि प्रकाशन तथा सूचि उपर नियमानुसार गर्नुपर्ने सार्वजनिक गुनासो सुनुवाइ प्रयोजनको लागि तपसील बमोजिमका दुइजना गुनासो सुनुवाइ अधिकृत नियुक्ति गर्ने निर्णय गरियो । साथै सोही मार्गदर्शनको दफा ८ ग र घ मा भएको व्यवस्था बमोजिम गुनासो सुनुवाइ समितिको सदस्यमा अध्यक्ष ज्यू बाट तोकिएका तपसीलका कार्यपालिका सदस्य र गुनासो सुनुवाइ अधिकारीलाई मनोनयन गरी कार्यजिम्मेवारी दिने निर्णय गरियो ।

| गुनासो सुनुवाइ अधिकारी तर्फ | | समिति सदस्य तर्फ | |
|---|---|---|---|
| १ | श्री साधुराम पाठक | १ श्री गीताकुमारी प्रजा | सदस्य |
| २ | श्री सुनावानिया | २ श्री साधुराम पाठक | सदस्य सचिव |

**१२.** प्रस्ताव नं. १२ माथि छलफल गर्दा तपसिल फर्महरुले सूचना तथा सन्देश प्रकाशन/प्रशारण गरि भुक्तानी माग गरेको सम्बन्धमा सूचना तथा सन्देश प्रकाशन तथा प्रशारणको लागि गाउँपालिकासंग सम्झौता भएका मिडिया बाहेक सबै मिडियालाई अबका दिनमा अग्रिम अनुमित पत्र प्राप्त नगरी सूचना प्रकाशन तथा प्रशारण नगर्न नगराउन सूचना प्रकाशन गर्ने । कार्यालयले सुचना जारी गरिसकेपछि समेत अग्रिम अनुमति नलिई प्रकाशन/प्रशारण गरेका सामग्रीहरुको भुक्तानी नदिने । हालसम्म प्राप्त हुन आएका निम्नानुसार प्रकाशक/प्रशारकलाई देहाय अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | प्रकाशक/प्रशारण गर्ने | रकम | कैफियत |
|---|---|---|---|
| १. | निकास साप्ताहिक | ५०००। | |
| २. | जनमुखी मिडिया प्रा.लि. | ५०००। | |
| ३. | रेडियो सन्देश १०६.९ | ५०००। | |
| ४. | रेसुङ्गा टुडे | ५०००। | |
| ५. | नेपाल अनलाइन समाचार डटकम | ५०००। | |
| ६ | साझा सन्देश | ५०००। | |
| ७ | रेडियो मकवानपुर १०१.३ मेघाहर्ज | ५०००। | |
| ८. | देश दर्पण साप्ताहिक | ५०००। | |

**१३.** प्रस्ताव नं. १४ माथि छलफल गर्दानिम्नानुसार व्यक्तिबाट आर्थिक सहायता तथा बजेट माग भइ आएको हुँदा तपसिल बमोजिम हुने गरी सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | नामथर | ठेगाना | कारण | रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १. | राजकुमार लगुनको छोरी | मनहरी १ | खुट्टाको जोर्नीमा हड्डी पलाएको हुँदा अपरेशन गर्नुपर्ने | १०००० | आर्थिक सहायता |
| २. | संगीता सुनार | मनहरी ९ | ब्लड क्यान्सर भएको | १०००० | आर्थिक सहायता |
| ३. | कुमारी रुम्बाला | मनहरी ३ | खरको छाना विस्थापित गरी जस्तापाता लगाउन | १०००० | आर्थिक सहायता |
| ४. | भैरव विक्रम राणा | मनहरी ३ | आर्थिक अवस्था कमजोर र आँखाको समेत समस्या रहेको हुँदा बसोबासको लागि घर बनाउन | १००००० मा नबढ्ने गरी | उपाध्यक्ष असहाय कोष |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | भोलानाथ नेपाली | मनहरी ३ | विगतको वर्षाको कारण कुलोको मुहान परिवर्तन भइ घर भत्कने सम्भावना रहेको हुँदा निजको घर संरक्षणको लागि बजेट | १०००० | आर्थिक सहायता |
| ६ | गायक रविन्द्र चेपाङ | | सवारी दुर्घटनामा गम्भिर घाइते भएको हुँदा थप उपचारको लागि | २०००० | आर्थिक सहायता |
| ७. | सोनी राई | मनहरी ५ | जग्गा जमिन घर समेत नभएकोले | १०००० | आर्थिक सहायता |
| ८. | पार्वती राना | मनहरी २ | कलेजो बिग्रीएर उपचार खर्च उपलब्ध गराउनुपर्ने | १०००० | आर्थिक सहायता |
| ९ | मनोजकुमार चन्द सिगास ३ बैतडी | सिगास ३ बैतडी | शरीरका ७ वटा अङ्गले लेख्ने तथा ६ वटा कलमबाट एकसाथ लेख्ने कला भएको हुँदा निजलाई प्रोत्साहन | १५०००।०० | आर्थिक सहायता |

**१४.** प्रस्ताव नं. १५ माथि छलफल गर्दा Social Changemakers and Innovators ले परियोजना स्वीकृति माग गरेको सम्बन्धमा छलफल हुँदा गर्भवती सुत्केरी र बालबालिकामा देखिन सक्ने कुपोषण र अन्य स्वास्थ्य समस्याहरुलाई मध्यनजर गर्दै Project ले माग प्रस्ताव गरे बमोजिम "हजार दिनका आमाहरुलाई पोषण परामर्श जनचेतना पैरवी उद्ध्यम पर्वर्द्धन" लगायतका कार्यक्रम प्रस्तावमा तोकिएका वडाहरु तथा समय तालिका अनुसार सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**१५.** प्रस्ताव नं. १६ माथि छलफल गर्दा फियान नेपालले खाद्ध्य सुरक्षा योजना निर्माणको लागि प्रस्तावना पेश गरेकोमा यस मनहरी गाउँपालिकाले आफ्नै खाद्ध्य तथा पोषण सुरक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता भएकोले फियान नेपालबाट प्रस्तावित कार्यक्रम सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**१६.** प्रस्ताव नं. १७ माथि छलफल गर्दा विभिन्न वडाहरुबाट ६०/४० को योजना संचालनका लागि न्यून लगानीमा अधिकतम प्रतिफल प्राप्त हुनसक्ने, दिगो र वातावरणिय तथा पर्यावरणिय दृष्टिकोणले उपयुक्त हने योजनाहरुलाई प्राथमिकता दिई प्रति वडा बढिमा ३ वटा योजना संचालन हुने गरी वडा कार्यालयहरुलाई योजना छनौट गरी पठाउन सात दिने सुचना गर्ने निर्णय गरियो ।

**१७.** प्रस्ताव नं. १८ माथि छलफल गर्दा कर्मचारी व्यवस्थापन सम्बन्धमा मनहरी गाउँपालिका अन्तर्गतका तपसीलका कर्मचारीलाई तपसील बमोजिम गर्ने निर्णय गरियो ।

क. देहाय अनुसारको पदस्थापना/कामकाजमा खटाउने ।

| क्र.सं. | पद | नामथर | हालको शाखा/ कार्यालय | कामकाजमा खटाइएको शाखा/कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | सहायक स्तर पाँचौ | श्री ज्ञानेन्द्र ढकाल | गाउँपालिका योजना शाखा | ४ नं. वडा कार्यालयको वडा सचिव | |
| २. | अधिकृतस्तर छैठौं | श्री अन्जना सुवेदी | सरुवा भइ आएको | ७ नं. वडा कार्यालयको वडा सचिव | पदस्थापन |
| ३. | सव इन्जिनियर | श्री उत्तम उप्रेती | सरुवा भइ आएको | ९ नं. वडा कार्यालय | गाउँपालिकामा समेत कामकाज गर्ने गरी |
| ४. | कम्प्युटर अपरेटर | श्री राजिव बहादुर वानियाँ | गाउँपालिका | ५ नं. वडा कार्यालय | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | कम्प्युटर अपरेटर | श्री पिपल बहादुर मोक्तान | ५ नं. वडा कार्यालय | गाउँपालिका | |
| ६. | सहायक स्तर | श्री विदुर पाठक | ४ नं. वडा कार्यालय | गाउँपालीका प्रशासन शाखा अन्तर्गत दर्ता चलानी | |
| ७. | सहायक स्तर चौथो | श्री श्यामहरि दाहाल | ७ नं. वडा कार्यालय | गाउँपालिका योजना शाखा | |

ख. बालमैत्री गाउँपालिका घोषणा गरिसकिएको र सो लाई निरन्तरता मात्र दिनुपर्ने, गाउँपालिकाको आन्तरिक आम्दानी समेत कम भएको र गाउँपालिकालाई आवश्यक परेको खण्डमा फेरी पनी आवश्यकता अनुसार बालमैत्री सहजकर्ता नियुक्त गर्ने प्रतिवद्धताका साथ साविकमा कार्यरत सबै बालमैत्री सहजकर्ताहरुलाई धन्यवाद सहित माघ १ गतेबाट करार/ज्यालादारी सम्झौता भंग गर्ने ।

ग. कृषि प्रा.स. श्री यशोदा दुलाललाई गाउँपालिकामा कार्यबोझ कम भएको हुँदा लामो समय सम्म सेवा दिनु भएकोले धन्यवाद सहित माघ १ गते देखि करार सेवा भंग गर्ने ।

**१८.** प्रस्ताव नं. १९ माथि छलफल गर्दा गाउँपालिकामा हालसम्म म.ले.प. प्रतिवेदनमा औल्याईएको बेरुजूलाई प्रतिवेदनले तोके बमोजिम कारबाही अगाडी बढाउन मिति २०७८।०६।०६ को कार्यपालिका बैठकले बेरुजू फर्छ्यौट तयारी समिति गठन गरेको र समितिका संयोजकमा कार्यपालिका सदस्य श्री राधादेवी खकुराल पाठकलाई तोकिएकोमा उहाँले स्वास्थ्य समस्याका कारण समितिमा रहि काम गर्न सारिरिक अवस्थाले नसक्ने मौखिक जानकारी दिनुभएका कारण सो समितिका संयोजकमा कार्यपालिका सदस्य श्री पम्फा रोक्कालाई तोक्ने निर्णय गरियो ।

**१९.** प्रस्ताव नं. २० माथि छलफल गर्दा कृषि तथा पशु शाखाबाट सञ्चालन हुने कार्यक्रमहरुको अनुगमनको लागि तपसील बमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो । साथै आवश्यकता अनुसार समितिले गाउँपालिका अध्यक्ष, सम्बन्धित वडाका अध्यक्ष (अनिवार्य उपस्थिती) वा कुनै पदाधिकारी वा कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा अनुगमनमा सहभागी गराउन सक्नेछ ।

तपसील

१. संयोजक श्री पम्फा रोक्का, कार्यपालिका सदस्य
२. सदस्य श्री कृष्णा बिडारी, कार्यपालिका सदस्य
३. सदस्य श्री कृषि/पशु शाखा प्रमुख

**२०.** प्रस्ताव नं. २१ माथि छलफल गर्दा मकवानपुर जिल्लाका असाहय अनाथ विभिन्न कारणले अभिभावक गुमाएका विस्थापित एवम जोखिममा रहेका द्वन्द प्रभावित बालवालिकाहरुलाई निशुल्क शिक्षा प्रदान गर्न शैक्षिक सहयोग अक्षयकोष नेपालले उत्कृष्ट कार्य गरेको र मनहरी क्षेत्रका त्यस्ता बालवालिकाहरुलाई पठनपाठनमा सहयोग गरेकाले सो कोषको सदस्यता शुल्क वापत रु. २०३००।०० पालिका स्तरिय वालमैत्री पुस्तकालय तथा वाल उद्यान र हेल्पडेक्समा विनियोजित शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**२१.** प्रस्ताव नं. २२ माथि छलफल गर्दा अमानतमा नदीजन्य तथा खानीजन्य ढुंगा, गिट्टी, वालुवा, रोडा आदिको उत्खनन् तथा विक्री शुल्क संकलनमा हुने व्यवस्थापन खर्च तथा खटिएका कर्मचारीहरुलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधा सम्बन्धमा थप कुनै बजेट व्यवस्था नभएको तर कर संकलन कार्य अनिवार्य रुपमा गराउनुपर्ने भएकाले तत्काले बजेट आवश्यक भएको हुँदा



उप्रेती

कर्मचारी प्रोत्साहन भत्ता २०७७.७८ शिर्षकमा विनियोजित ४५ लाख आन्तरिक राजश्व व्यवस्थापन शिर्षकमा रकमान्तर गरी स्वीकृत कार्यविधि अनुसार खर्च गर्ने ब्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**२२.** प्रस्ताव नं. २३ माथि छलफल गर्दा गाउँपालिका पुँजिगत खर्च शिर्षक तर्फ गाउँपालिका भित्रका खानेपानी योजना निरन्तरता शिर्षकमा विनियोजित ६० लाख बाट वेहोरिने गरि देहाय अनुसारका योजनाहरुमा रकम विनियोजन गरी संचालन गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

| | | |
|---|---|---|
| वडा नं १ | चकरी खानेपानी योजना | १५ लाख |
| वडा नं ६ | राष्ट्रिय मा.वि. सुनाचूरीमा खानेपानी व्यवस्थापन | ३ लाख |

**२३.** प्रस्ताव नं. २४ माथि छलफल गर्दा मनहरी क्षेत्रमा क्रसर/नेचुरल वालुवा प्लान्ट तथा ब्यवसायीक प्रयोजनले थुपारिएका नदीजन्य सामग्रीहरु जस्तै ढुंगा गिट्टी वालुवा आदीको विक्री/नियमन सम्वन्धमा गत वर्ष विक्री भई वाँकि रहेको परिमाण नापजाँच गरी मिति २०७८/०५/२८ गतेको कार्यपालिका बैठकवाट प्राविधिक प्रतिवेदनको आधारमा स्टक प्रमाणित गरि अमानतमा विक्री शुल्क संकलन कार्य गरिएकोमा हाल उक्त समयमा नापजाँच गरेको स्टक फरक रहेको, नापजाँच गर्दा परिमाण छुटेको भनि विभिन्न ९ वटा उद्योगहरुले निवेदन दिएका र अनुगमन तथा निरीक्षणको क्रममा उद्योग तथा भण्डारण स्थलहरुमा अझैपनि नदिजन्य पदार्थ ग्राभेल तथा तयारी ढुंगा, गिट्टी, वालुवा आदि स्टक देखिएको सन्दर्भमा १५ दिने सुचना प्रकाशित गरी परिमाण थप घटको विवरण लिई सो अनुसार स्थलगत रुपमा पुनः प्राविधिक समिति खटाई/नापजाँच गरी संशोधित प्रतिवेदन तयार गरीपेश गर्न कार्यालयलाई निर्देशन दिने ।

**२४.** प्रस्ताव नं. २५ माथि छलफल गर्दा विश्वब्यापी महामारीको रुपमा फैलिरहेको नयाँ ओमिक्रोनभेरिएन्ट सहितको कोभिड १९ को जोखिम देशभर तिब्र रुपमा बढदै गएको सन्दर्भमा सो महामारीको रोकथाम र नियन्त्रणका लागि संघीय तथा प्रदेश सरकारहरु संग सहकार्य गर्दै स्वास्थ्य सतर्कता र सुरक्षाका मापदण्डहरु अपनाई कार्य गर्ने । अस्थायी कोभिड अस्पताल संचालनको लागि योजना प्रस्ताब तयार गर्न वडा नं ७ का अध्यक्ष ज्युको अध्यक्षतामा विगतमा यसै कार्यपालीकाबाट गठीत कोभिड व्यवस्थापन समितिलाई सकृय हुन निर्देशन दिने निर्णय गरियो ।

**२५.** प्रस्ताव नं. २६ माथि छलफल गर्दा चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्रमा पर्ने मनहरी गाउँपालिका र राप्ती नगरपालिकाको सिमा भई बग्ने लोथर खोलामा मनहरी तर्फ वातावरणिय अध्ययन गरी नदीजन्य श्रोत ढुंगा गिट्टी वालुवा उत्खनन विक्री गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग संग अनुमति माग गरिएकोमा राप्ती नगरपालिकालाई पहिले नै अध्ययन अनुमति दिई सकेकाले मनहरी गाउँपालिकाले अनुमति पाउन नसकेको तथा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको समन्वयमा मनहरी र राप्ती नगरपालिकाको संयुक्त बैठक वसी एउटै खोलामा दुई तर्फ सहमति प्राप्त नभएता पनि एउटै अनुमतिले संयुक्त रुपमा प्रारंभिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन तयार गर्न सकिने र संकलन उत्खनन/राजश्व संकलन कार्य गर्ने विषय संघीय सरकारले जारी गरेको ढुंगा गिट्टी वालुवा उत्खनन विक्री तथा ब्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ४ को उपदफा २ अनुसार दुबै तर्फको जनप्रतिनिधिहरु तथा प्राविधिकहरुको संयुक्त अनुगमन गर्ने गरी कार्य गर्न सकिने भएकाले सोहि बमोजिम गर्ने गरी अध्ययन/उत्खनन र विक्री गर्ने र लागत खर्च कटाई निकुञ्ज तथा प्रदेश सरकारलाई वुझाउनु पर्ने राजश्व वुझाई वाँकि रकम आधा/आधा वाँडफाँड गरी राप्ती नगरपालिकाले कार्यान्वयन गर्ने गरी सहकार्य गर्ने निर्णय गरियो ।



एकराज उप्रेती

**२६.** प्रस्ताव नं. २७ माथि छलफल गर्दा अपाङ्ग स्वाबलम्बन जिवन पद्धति केन्द्र संस्थालाई अपाङ्ग भएकालाई अनकल सेवा कार्यक्रम संचालन वापत मिति २०७८/ / गतेको कार्यपालिका बैठकले रकम रु.५ लाख स्वीकृत गरेकोमा २० प्रतिशत लागत सहभागिता ब्यहोर्ने निर्णय भएकोमा सो संस्थाले कार्यक्रममा लागत सहभागिता जुटाउन नसक्ने भएकाले उक्त रकम वरावरको कार्यक्रम संचालन गर्न अनुदान दिने निर्णय गरियो ।

**२७.** प्रस्ताव नं २८ माथि छलफल गर्दा गाउँपालिका स्तरिय राजश्व परामर्श समितिमा विगत लामो समय देखि एक सदस्यको पद खाली रहेको हुँदा सो पदमा का.पा.सदस्य श्री राधादेवी खकूराल पाठकलाई मनोनयन गर्ने निर्णय गरियो ।

**२८.** विविध विषयमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

क. चकरी वोरिङ योजनाका ठेकेदार नेपाल तराई निर्माण सेवालाई भुक्तानी गर्दा रु. २५०००.०० अपुग भई कम भुक्तानी गरिएकोमा फिर्ता शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

ख. विविध खर्च शिर्षकमा नबौ गाउँसभाबाट विनियोजित रकम खर्च भई सकिएको र सोहि शिर्षकबाट खर्च हुने गरी चिया, खाजा, खाना, अतिथि सत्कार लगायतका खर्च भईरहेको र भुक्तानीको लागि समस्या भएको हुँदा रु १०,००,०००।०० बजेट समपुरक अनुदान फिर्ता खर्च शिर्षकमा बाँकी रहेको रकमबाट थप गर्ने निर्णय गरियो ।

ग. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८।०९।२६ को सूचना उल्लेख भए अनुसार नै गाउँपालिकाले पालिका क्षेत्र भित्रका शिक्षण संस्थाको व्यवस्थापन, खोप व्यवस्थापन तथा पालिका क्षेत्र भित्र हुने आन्तरिक गतिविधि व्यवस्थित गर्ने निर्णय गरियो ।

घ. सहकारी प्रबर्धन शिर्षकमा विनियोजित एकमुष्ट बजेटबाट जिल्ला बचत तथा ऋण सहकारी संघको जिल्ला स्तरिय सहकारी बजार निर्माणको लागि ५ लाख छुट्याउने निर्णय गरियो ।

ङ. वडा नं १ को चकरी खोलालाई खरिद भएको हेमपाईप खन्ने पुर्ने कामको लागि रु २५ हजारमा नबढ्ने गरी र वडा नं ७ को वडा कार्यालय बसेको भवनको शौचालयको मर्मतको लागि प्राविधिक इस्टिमेट अनुसार ६५ हजारमा नबढ्ने गरी विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

एकराज उप्रेती
अध्यक्ष

उपरोक्त निर्णय छलफलका साथै सर्वसम्मत निर्णय गरी बैठक सम्पन्न गरियो ।

असहमति

असहमति बलमैत्री (? ...)